### आ.व.०८२/८३ बगनासकाली गाउँ कार्यपालिकाको बैठक संख्या ४

आज मिति २०८२।०६।०८ गतेका दिन यस बागनासाकाली गाउँ कार्यपालिकाको आ.व. ०८२/८३ को चौथो बैठक गाउँपालिका अध्यक्ष श्री सरस्वती दर्लामी (चिदी) ज्यूको अध्यक्षतामा देहाएको उपस्थिति तथा प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

| क.स. | वडा नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री सरस्वती दर्लामी (चिदी) | अध्यक्ष | |
| २ | - | श्री हरि प्रसाद पाठक | उपाध्यक्ष | |
| ३ | ३ | श्री टिका बहादुर थापा | वडा अध्यक्ष (प्रवक्ता) | |
| ४ | १ | श्री शेर बहादुर चिदी | वडा अध्यक्ष | |
| ५ | २ | श्री तिर्थ प्रसाद भट्टराई | वडा अध्यक्ष | |
| ६ | ४ | श्री जित वहादुर कनौजे | वडा अध्यक्ष | |
| ७ | ५ | श्री ओम प्रकाश गैरे | वडा अध्यक्ष | |
| ८ | ६ | श्री लक्ष्मी प्रसाद अधिकारी | वडा अध्यक्ष | |
| ९ | ७ | श्री गण बहादुर बुढाथोकी | वडा अध्यक्ष | |
| १० | ८ | श्री मोतीलाल बंस्याल | वडा अध्यक्ष | |
| ११ | ९ | श्री ठानेश्वर तिमिल्सिना | वडा अध्यक्ष | |
| १२ | २ | श्री गीता रेग्मी | का.पा. सदस्य | |
| १३ | ३ | श्री वसन्ती थापा | का.पा. सदस्य | |
| १४ | ५ | श्री खुमादेवी भट्टराई | का.पा. सदस्य | |
| १५ | ८ | श्री उमकला अर्याल | का.पा. सदस्य | |
| १६ | ३ | श्री तेज प्रसाद रसाली | का.पा. सदस्य | |
| १७ | ६ | श्री वोम लाल सुनार | का.पा. सदस्य | |
| १८ | - | श्री खेमराज छिनाल | सचिव | |

**अन्य उपस्थिती**

| क.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | यादव प्रसाद [illegible] | व.आ.ले.प. अधिकृत | |
| २ | कोशलराज पौडेल | लेखा अधिकृत | |
| ३ | सुजन घिमिरे | प्रशासकीय अधिकृत | |
| ४ | | | |

प्रस्तावहरु :

१. समिक्षा सम्बन्धमा ।
२. सुधारिएको चुलो वितरणको समिक्षा सम्बन्धमा ।
३. मोटरबाटो सोरसार सम्बन्धमा ।
४. शुभकामना आदान-प्रदान सम्बन्धमा ।
५. विविध ।

निर्णयहरु :

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०५/१८ गतेको कार्यपालिका बैठकमा भएका तपसिलका निर्णयहरुको समीक्षात्मक छलफल गरियो ।

तपसिल

१. यस गाउँपालिका वडा नं. ७ को रानीमहलमा सवारीसाधन पार्किङ गर्दा उठाइने शुल्कको लागि ३ (तिन) वर्षको ठेक्का खुलाइएको तर सम्झौता गर्दा २ (दुई) वर्ष मात्र भएको हुँदा उक्त सम्झौता पत्रमा सूचना बमोजिम ३ वर्षको हुने गरी १ (एक) वर्ष आ.व. २०८३/०८४ सम्म रहने गरी सम्झौता पत्रमा संशोधन गरियो ।

२. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी स्थानीय तहस्तरीय भूमि समस्या सहजीकरण समितिको मिति २०८२/०४/१४ को बैठकले निर्णय गरी सिफारिस गरेका लाभग्राहीहरुको नाम अनुमोदन गरी जिल्ला भूमि समस्या समाधान आयोग पाल्पामा सिफारिस गर्न कार्य प्रारम्भ गरियो।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकाका विभिन्न वडाहरुमा वितरित सुधारिएको चुलोको संख्या, लाभग्राहीहरुको संख्या र चूलोको गुणस्तर सम्बन्धमा छलफल गरियो।

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा वर्षातको कारण क्षति पुगेका तथा पालिकाले भाडामा लिएको डोजर मार्फत भएका सडक सरसफाईहरुको वडागत छलफल गरियो।

निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा हिन्दु धर्मालम्बीहरुको महान पर्व विजयादशमी, शुभ दिपावली, छठ पर्व २०८२ तथा नेपाल संवत ११४६ को पावन अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरु तथा सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुमा सुस्वास्थ्य, दिर्घायु तथा प्रगतिको कामना गर्दै शुभकामना आदानप्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५.

क) दररेट स्वीकृत सम्बन्धमा :-

आ.व. २०८२/०८३ मा बगनासकाली गाउँपालिकाको लागि आवश्यक कृषि बिउ बिजन, विषादीको दररेट निर्धारण गरी गाउँपालिकाको खरिद इकाई समितिले पेश गरेको दररेट स्वीकृत गर्ने निर्णय गरियो।